# लिखुपिके गाउँपालिकाको विपद्‌जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, २०७७

लिखु पिके गाँउपालिकाको कार्यालय,चौंलाखर्क।

डम्बर बहादुर बस्नेत
अध्यक्ष

## लिखुपिके गाउँपालिकाको विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन विधेयक, २०७७

**प्रस्तावना** : नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा यस लिखुपिके गाउँपालिकाको क्षेत्रभित्र प्राकृतिक तथा गैर-प्राकृतिक विपद्बाट सर्वसाधारणको जीउज्यान र सार्वजनिक, निजी तथा व्यक्तिगत सम्पत्ति, प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र भौतिक संरचनाको संरक्षण गर्न विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका सबै क्रियाकलापको समन्वयात्मक र प्रभावकारी रूपमा कार्यान्वयन गर्ने सम्बन्धमा नेपालको संविधानको अनुसुचि- ८ को सुचि नं. २० तथा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (२)(न) ले अधिकारहरुको कार्यान्वयन गर्न आवश्यक कानून बनाउन वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२६ को उपधारा (१) तथा स्थानीय सरकार संचालन ऐन, २०७४ दफा १०२ को उपदफा (१) बमोजिम लिखुपिके गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएको छ ।

### परिच्छेद-१

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** :(क) यस ऐनको नाम "लिखुपिके गाउँपालिकाको विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७" रहेको छ ।

(ख) यो ऐन लिखुपिके गाँउपालिकाको स्थानीय राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा:

क) "अध्यक्ष " भन्नाले गाँउपालिकाको अध्यक्षलाई सम्झनुपर्दछ ।

(ख) "उपाध्यक्ष " भन्नाले गाँउपालिकाको उपाध्यक्षलाई सम्झनुपर्दछ ।

(ग) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले लिखुपिके गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनुपर्दछ ।

(घ) "कार्यपालिका" भन्नाले लिखुपिके गाउँपालिकाको गाउँ कार्यपालिकालाई सम्झनुपर्दछ ।

(ङ)"गाउँपालिका" भन्नाले संविधान बमोजिम स्थापना भएको लिखुपिके गाउँपालिकालाई सम्झनुपर्दछ ।

(च) "गाँउसभा" भन्नाले संविधानको धारा २२२ को उपधारा (१) बमोजिम स्थापना भएको लिखुपिके गाउँपालिकाको गाँउसभालाई सम्झनुपर्दछ ।

(छ) "कोष"भन्नाले दफा १२ बमोजिमको विपद् व्यवस्थापन कोष सम्झनुपर्दछ ।

(ज) "गैर-प्राकृतिक विपद्" भन्नाले महामारी, अनिकाल, आगलागी, डँडेलो, कीट वा सूक्ष्म जीवाणुआतङ्क, पशु तथा चराचुरुङ्गीमा हुने फ्लू, प्यान्डामिक फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, आगलागी, विषाक्त ग्याँस, रसायन वा विकीरण चुहावट, ग्याँस विष्फोटन, विषाक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर-प्राकृतिक कारणले उत्पन्न विपद् सम्झनुपर्दछ ।

(झ) "जिल्ला विपद् व्यवस्थापन समिति" भन्नाले संघीय ऐनको दफा १६ बमोजिम जिल्लामा गठन भएको जिल्ला विपद् व्यवस्थापन समिति सम्झनुपदर्छ ।

(ञ) "तोकिएका" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनुपदर्छ ।

(ट)"प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति"भन्नाले संघीय ऐनको दफा १४ बमोजिम प्रदेश नं. १ मा गठन भएको प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति सम्झनुपर्दछ ।

(ठ) "प्राकृतिक विपद्" भन्नाले हिमपात, असिना, हिमपहिरो, हिमताल विस्फोटन, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भूस्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातोहावाको लहर, चट्याङ्ग, भूकम्प, ज्वालामुखी विस्फोट, डँडेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद सम्झनुपर्दछ ।

(ड) "राष्ट्रिय कार्यकारी समिति" भन्नाले संघीय ऐनको दफा ६ बमोजिमको कार्यकारी समिति सम्झनुपर्दछ ।

(ढ) "राष्ट्रिय परिषद" भन्नाले संघीय ऐनको दफा ३ बमोजिमको विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् सम्झनुपर्दछ ।

(ण) "राष्ट्रिय प्राधिकरण" भन्नाले संघीय ऐनको दफा १० बमोजिम गठन भएको राष्ट्रिय विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण सम्झनुपर्दछ ।

(त) "विपद्" भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवनयापन र बातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैर-प्राकृतिक विपद् सम्झनुपर्दछ ।

(थ) "विपद्खोज तथा उद्धार समूह" भन्नाले विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनको लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनु पदर्छ र सो शब्दले तालिम प्राप्त मानवीय सहायताकर्मीलाई समेत जनाउँछ ।

(द) "विपद्जोखिम न्यूनीकरण"भन्नाले विपद्-पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याङ्कन, विपद् रोकथाम वा विपद्बाट हुने क्षतिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिमलाई कम गर्ने सम्बन्धी कार्य सम्झनुपर्दछ ।

(ध) "विपद् पुर्नलाभ" भन्नाले विपद्को घटना पछि गरिने पुनर्निर्माण एवम् पुर्न स्थापनासँग सम्बन्धित कार्य सम्झनुपर्दछ ।

(न) "विपद्प्रतिकार्य" भन्नाले विपद्को घटना घट्नासाथ तत्कालै गरिने खोज, उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनुपर्दछ र सो शब्दले विपद्प्रतिकायको पूर्व तयारीलाई समेत जनाउँछ ।

(प) "विपद व्यवस्थापन" भन्नाले विपद्जोखिम न्यूनीकरण, विपद्प्रतिकार्य र विपद पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपदर्छ ।

(फ) "विषयगत समिति" भन्नाले लिखुपिके गाउँपालिका अर्न्तगत गठित विषयगत समितिहरुलाई सम्झनुपदर्छ ।

(ब) "व्यवसायिक प्रतिष्ठान" भन्नाले उद्योग, कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यापारिक भवन जस्ता व्यावसायिक प्रतिष्ठान सम्झनुपर्दछ ।

(भ) "समिति" भन्नाले दफा ३ बमोजिमको लिखुपिके गाउँपालिकाको विपद् व्यवस्थापन समिति सम्झनु पदर्छ ।

(म) "संघीय ऐन" भन्नाले विपद्जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७६ सम्झनुपदर्छ ।

(य) "संघीय मन्त्रालय" भन्नाले संघीय सरकारको विपद् व्यवस्थापन हेर्नेगरी तोकिएको मन्त्रालय सम्झनु पर्दछ ।

(र) "सार्वजनिक संस्था" भन्नाले सरकारी निकाय, सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संस्था, प्रचलित कानून बमोजिम स्थापित सङ्गठित संस्था वा सबै प्रकारका स्वास्थ्य तथा शैक्षिक संघसंस्था सम्झनुपदर्छ ।

(ल) "गाँउ प्रहरी "भन्नाले लिखुपिके गाउँपालिकमा कार्यरत गाँउ प्रहरी सम्झनुपदर्छ ।

## परिच्छेद - २

## समितिको गठन तथा काम, कर्तव्य र अधिकार

३. **लिखुपिके गाउँपालिकाको विपद्व्यवस्थापन समिति** : (१) लखुपिके गाउँपालिकाको क्षेत्रभित्रको विपद् व्यवस्थापन सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा सञ्चालन गर्न लिखुपिके गाउँपालिकामा एक विपद्व्यवस्थापन समिति रहनेछ ।

(२) समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) गाँउपालिकाको अध्यक्ष - संयोजक

(ख) गाँउपालिकाको उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) सम्बन्धित वडाको वडाध्यक्ष -सदस्य

(ङ) प्रतिनिधि, जिल्ला प्रशासन कार्यालय -सदस्य

(च) गाउँपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका संघीय सुरक्षा निकायका प्रमुख वा प्रतिनिधि -सदस्य

(छ) गाँउपालिकाको भौगोलिक क्षेत्रभित्र रहेका प्रदेश प्रहरी कार्यालयको प्रमुख वा प्रतिनिधि -सदस्य

(ज) गाँउ प्रहरी प्रमुख -सदस्य

(झ) नेपाल रेडक्रस सोसाईटीका स्थानीय प्रतिनिधि (१) जना -सदस्य

(ञ) निजी क्षेत्रको उद्योग वाणिज्य सम्बन्धी मान्यता प्राप्त संस्थाको तर्फबाट गाउँपालिकाको अध्यक्षले तोकेको प्रतिनिधि (१) जना -सदस्य

(ट) सम्बन्धीत क्षेत्रको स्थानीय प्रतिनिधि (१) जना -सदस्य

(ठ) नेपाल पत्रकार महासंघको स्थानीय प्रतिनिधि (१) जना -सदस्य

(ड) विपद् व्यवस्थापन हेर्ने गरी तोकिएको विभागीय प्रमुख -सदस्य सचिव

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि क्रमसंख्या (झ), (ञ), (ट), (ठ) का सदस्यहरू उपलब्ध नभएको अवस्थामा पनि समिति गठन एव कामकारवाही गर्नमा बाधा पुगेको मानिनेछैन ।

(४) उपदफा (२) बमोजिमको समितिले संघीय ऐनको दफा १७ बमोजिमको स्थानीय विपद् व्यवस्थापन समितिको रूपमा समेत काम गर्ने छ ।

४. समितिको बैठक सम्बन्धी व्यवस्था:

(१) संयोजकले तोकेको मिति, समय र स्थानमा समितिको बैठक बस्नेछ ।

(२) समितिको सदस्य-सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान खुलाइ परिस्थिती अनुसार तत्काल बोलाउन सक्नेछ ।

(३) समितिका पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(४) उपदफा (२) र (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ ।

(५) समितिको बैठक संयोजकको अध्यक्षतामा बस्नेछ ।

(६) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ ।

(७) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघसंस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुने छ ।

(९) समितिको निर्णय संयोजकले प्रमाणीकरण गर्ने छ र सदस्य सचिवले निर्णय पुस्तिका सुरक्षित गरी अभिलेख राख्नेछ ।

**५.समितिको काम, कर्तव्य र अधिकार: समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :**

(क) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय परिषद्बाट स्वीकृत राष्ट्रिय नीति तथा योजना एवम् मार्गदर्शन, राष्ट्रिय कार्यकारी समिति र प्रदेश विपद् व्यवस्थापन समितिबाट स्वीकृत एकीकृत तथा क्षेत्रगत नीति योजना र कार्यक्रम अनुरुप हुने गरी गाँउ विपद् व्यवस्थापन नीति तथा योजना तर्जुमा गरी कार्यपालिका समक्ष पेश गर्ने ,

(ख) गाँउ सभाबाट स्वीकृत नीति तथा योजनाको अधीनमा रही विपद् जोखिम न्यूनीकरण, विपद्प्रतिकार्य तथा विपद् पुनर्लाभ सम्बन्धी एकीकृत तथा क्षेत्रगत नीति, योजना तथा कार्यक्रम स्वीकृत गरी लागूगर्ने /गराउने,

(ग) लिखुपिके गाउँपालिकाबाट सञ्चालन हुने विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा बजेटको प्रस्ताव तयार गर्ने /गराउने,

(घ) विपद् व्यवस्थापनका सम्बन्धमा लिखुपिके गाउँपालिकाको संस्थागत क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने /गराउने,

(ङ) गाउँपालिकाका पदाधिकारी, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायलाई विपद् व्यवस्थापन सम्बन्धमा प्रशिक्षण दिने व्यवस्था मिलाउने,

(च) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि संस्थागत संयन्त्र स्वतः परिचालित हुने गरी आवश्यक कार्यविधि तथा मापदण्ड तर्जुमा गरी लागूगर्ने /गराउने,

(छ) विपद् व्यवस्थापनका सम्बन्धमा संघीय तथा प्रदेश कानूनको अधिनमा रही सार्वजनिक, निजी, गैर-सरकारी लगायत सबै निकाय तथा संस्थाले निर्वाह गर्नु पर्ने भूमिका निर्धारण गर्ने तथा त्यस्ता संस्था वा निकायलाई आफ्नो नीति, योजना र कार्यक्रममा विपद् व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न लगाउने,

(ज) विपद्को समयमा स्थानीय आमसञ्चारका माध्यमहरुको भूमिका सम्बन्धी आवश्यक मापदण्ड तयार गरी कार्यान्वयन गर्ने /गराउने,

(झ) सरकारी, निजी एवम् गैरसरकारी संस्था, स्थानीय स्वयंसेवक, सामाजिक परिचालक लगायत सम्बन्धित सबैपक्षको समन्वय र संलग्नतामा विपद् व्यवस्थापन सम्बन्धी कार्य गर्ने /गराउने,

(ञ) भौतिक संरचना निर्माण गर्दा भवन संहिता लगायत अन्य स्वीकृत निर्देशिका वा मापदण्डको पालना गराउने,

(ट) स्थानीय सार्वजनिक पूर्वाधार सम्बन्धी संरचनाको विपद् जोखिम मूल्याङ्कन गर्ने /गराउने,

(ठ) नदी किनार, बगर, पहिरो जान सक्ने भिरालो जमिन र डुबान हुने क्षेत्र वा विपद्जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गराउन उपयुक्त स्थानको खोजी कार्यमा सहयोग गर्ने तथा सुरक्षित स्थानमा बसोबास सम्बन्धी सचेतना जगाउने,

(ड) स्थानीय स्तरमा निजी तथा सार्वजनिक क्षेत्रबाट भइरहेको सेवा प्रवाहमा विपद्बाट अवरोध आइपरेमा सोको पुनःसञ्चालनको लागि सेवा निरन्तरताको योजना तर्जुमा तथा कार्यान्वयन सम्बन्धी कार्यगर्ने /गराउने,

(ढ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउन, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्न तथा विपद्को घटना हुनासाथ उद्धारको लागि परिचालित हुन वडा तथा समुदायस्तरमा समावेशी विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने ,

(ण) विद्यालय तहको शैक्षिक पाठ्यक्रममा विपद्व्यवस्थापन सम्बन्धी विषय समावेश गर्न पहल गर्ने /गराउने,

(त) विपद्प्रतिकार्य तथा उद्धारका लागि नमूना अभ्यास गर्ने /गराउने,

(थ) विपद्को समयमा प्रयोग गर्न सकिने गरी वारुणयन्त्र,एम्बुलेन्स लगायतका अन्य उपकरणहरू तयारी हालतमा राख्न लगाउने,

(द) समुदायस्तरमा आपतकालीन कार्य सञ्चालन केन्द्रको स्थापना र सञ्चालन गर्ने,

(ध) लिखुपिके गाउँपालिकामा विपद् व्यवस्थापन सूचना प्रणाली तथा पूर्व-चेतावनी प्रणालीको विकास र सञ्चालन गर्ने /गराउने,

(न) विपद्प्रभावित क्षेत्रमा तत्काल उद्धार तथा राहतको व्यवस्था मिलाउने,

(प) विपद्मा परी हराएका, बिग्रेका वा नष्ट भएका कागजातको यकिन तथ्याङ्क अद्यावधिक गरी राख्न लगाउने,

(फ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, क्षतिकोस्तर निर्धारण तथा परिचयपत्र वितरण गर्ने /गराउने,

(ब) विपद्को समयमा जोखिममा रहेको समूह विशेषगरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्ति उपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ,

(भ) विपद् प्रभावितहरूको प्रत्यक्ष र सक्रिय सहभागितामा विपद् प्रभावित क्षेत्रमा आर्थिक क्रियाकलापको पुर्नस्थापना, रोजगारीका अवसरको सृजना तथा जीवनयापनका लागि आय आर्जन कार्यक्रम सञ्चालन गर्ने /गराउने,

(म) विपद्को जोखिममा रहेका महिला, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिहरूको लागि विशेष योजना तथा कार्यक्रम बनाइ कार्यान्वयन गर्ने /गराउने,

(य) विपद्व्यवस्थापन सम्बन्धमा सार्वजनिक संघसंस्था तथा व्यवसायिक प्रतिष्ठानले प्रचलित ऐन बमोजिम कार्य गरे / नगरेको अनुगमन गर्ने ,

(र) विपद् व्यवस्थापन सम्बन्धी राष्ट्रिय कार्यकारी समिति, प्रदेश विपद् व्यवस्थापन समिति तथा जिल्ला विपद् व्यवस्थापन समितिको निर्णय अनुसार विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्यगर्ने /गराउने,

(ल) विपद् व्यवस्थापनका सम्बन्धमा नेपाल सरकार तथा प्रदेश सरकारका मन्त्रालय, विभाग तथा अन्य निकायसँग सहकार्य गर्ने ,

(व) विपद्व्यवस्थापन सम्बन्धमा नेपाल सरकार, प्रदेश सरकार वा गाँउसभाले तोकेका अन्य कार्यगर्ने /गराउने,

(श) विपद् व्यवस्थापन सम्बन्धमा संघीय तथा प्रदेश कानूनको प्रतिकूल नहुने गरी कार्यपालिकाले तोके बमोजिमका अन्य कार्यगर्ने /गराउने,

(ष) विभिन्न संघसंस्था, व्यक्तिबाट प्राप्त हुने राहत तथा पुनर्निर्माण र पुनर्लाभका बिषयवस्तुलाई स्थानीय विपद् व्यवस्थापन समितिले तोकेको स्थान र मापदण्ड अनुसार प्रयोग र वितरण गर्ने /गराउने,

(स) विपद् उद्धार, राहत तथा पुर्नलाभको लागि आवश्यक औजार, उपकरण तथा खाद्यान्नको समुचित भण्डारण गर्ने व्यवस्था मिलाउने,

(ह) लिखुपिके गाउँपालिका क्षेत्रभित्रका सार्वजनिक संस्था, व्यवसायिक प्रतिष्ठान, गैर-सरकारी संस्था समेतले आफनो संस्थागत विपद व्यवस्थापन योजना तथा प्रतिकार्य योजनाका लागि प्रयोग हुने श्रोत साधन, आकस्मिक परिचालन रणनीति समेतको बिस्तृत विवरण प्राप्त गरि अभिलेख दुरुस्त राख्ने र राख्न लगाउने,

(क्ष) बिपद कार्यढाँचा तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,

(त्र) आपतकालीन उपचारको लागि अस्पतालहरुसँग सहकार्य र समन्वय गर्ने,

(ज्ञ) लिखुपिके गाउँपालिका क्षेत्रभित्र भूउपयोग योजना बनाई लागू गर्ने,

परिच्छेद -३

## वडास्तरीय विपद्व्यवस्थापन समितिको गठन तथा काम, कर्तव्य र अधिकार

**६. वडास्तरीय विपद्व्यवस्थापन समितिः** (१) लिखुपिके गाउँपालिकाको प्रत्येक वडामा एक वडास्तरीय विपद् व्यवस्थापन समिति रहनेछ।

(२) वडा स्तरीय विपद्व्यवस्थापन समितिको गठन देहाय बमोजिम हुनेछ :

(क) वडा अध्यक्ष वा अध्यक्षले तोकेको निर्वाचित सदस्य -संयोजक

(ख) वडा समितिले सिफारिस गरेको विपद् व्यवस्थापनमा सक्रिय स्थानीय व्यक्ति दुईजना -सदस्य

(ग) वडाभित्र रहेका विषयगत शाखा र एकाईका कार्यालय प्रमुखहरू -सदस्य

(घ) वडाभित्र रहेका सुरक्षा निकायका प्रमुखहरू -सदस्य

(ङ) स्थानीय रेडक्रस प्रतिनिधि -सदस्य

(च) गैर-सरकारी तथा समुदायमा आधारित संघसंस्था तथा क्लब/ समूहबाट संयोजकले तोके बमोजिम न्यूनतम दुई महिला सहित ३ जना -सदस्य

(छ) वडा सचिव -सदस्य सचिव

(३) उपदफा (२) बमोजिमको समितिको बैठक सो समितिको संयोजकले तोकेका मिति, समय र स्थानमा बस्नेछ।

(४) समितिको सदस्य सचिवले समितिको बैठक बस्ने मिति, समय र स्थान खुलाई बैठकमा छलफल हुने विषय-सूची सहितको सूचना बैठक बस्ने समय भन्दा चौबिस घण्टा अगावै सबै सदस्यले पाउनेगरी पठाउनुपर्ने छ।

(५) समितिका पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(६) उपदफा (४) र (५) मा जुनसुकै कुरा लेखिएको भएता पनि सो समितिको बैठक तत्काल बोलाउन आवश्यक भएमा संयोजकले जुनसुकै बेला पनि समितिको बैठक बोलाउन सक्नेछ र त्यस्तो अवस्थामा संयोजक र घटीमा १ जना सदस्य सहित सदस्य सचिव उपस्थित भएमा समितिको बैठक बस्न सक्नेछ।

(७) समितिको बैठकको अध्यक्षता सो समितिको संयोजकले गर्ने छ।

(८) समितिको निर्णय बहुमतद्वारा हुनेछ र मत बराबर भएमा संयोजकले निर्णायक मत दिनेछ।

(९) समितिले आवश्यकता अनुसार सम्बन्धित निकाय वा संघ संस्थाका प्रतिनिधि र विज्ञलाई बैठकमा आमन्त्रण गर्नसक्नेछ।

(१०) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(११) समितिको निर्णय संयोजकले प्रमाणीकरण गर्नेछ र सदस्य सचिवले निर्णयपुस्तिका सुरक्षित गरी अभिलेख राख्नेछ।

७ .वडास्तरीय विपद्व्यवस्थापन समितिकोकाम, कर्तव्य र अधिकार :समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) वडाभित्र विपद्प्रतिकार्य,उद्धार तथा विपद्पुनर्लाभ सम्बन्धी कार्यक्रम सञ्चालनका लागि गाँउ विपद्व्यवस्थापन समितिमा सिफारिस गर्ने तथा सो समितिबाट स्वीकृत नीति तथा योजना अनुरूपका विपद्व्यवस्थापन सम्बन्धी कार्यक्रम कार्यान्वयन, अनुगमन र पुनरावलोकन गर्ने ,

(ख) वडामा विकास निर्माणका क्रियाकलापहरू कार्यान्वयनमा विपद्जोखिम व्यवस्थापनलाई मूल प्रवाहीकरण गर्ने , सुरक्षित विद्यालय तथा अस्पतालका लागि विपद्जोखिम न्यूनीकरणका कार्यक्रमहरू सञ्चालन गर्ने ,

(ग) विपद् व्यवस्थापनका सम्बन्धमा वडाको संस्थागत क्षमता विकास गर्ने ,

(घ) विपद् व्यवस्थापन योजना, आपत्कालीन कार्ययोजना, पुन:स्थापना तथा पुनर्निर्माण योजना तर्जुमा तथा कार्यान्वयन गर्ने /गराउने,

(ङ) समुदायमा विपद्व्यवस्थापन सम्बन्धी काम गर्ने समूहहरूको गठन तथा त्यस्ता समूहहरूलाई परिचालन गर्ने /गराउने,

(च) वडा सदस्यहरू, कर्मचारी, स्वयंसेवक, सामाजिक परिचालक तथा समुदायमा आधारित विपद् व्यवस्थापन समिति सदस्य, नागरिक समाजका प्रतिनिधिलाई विपद् व्यवस्थापन सम्बन्धी प्रशिक्षणको व्यवस्था मिलाउने,

(छ) स्थानीय समुदायलाई विपद्प्रति जागरुक बनाउने, विपद्सँग सम्बन्धित योजना तथा कार्यक्रम तर्जुमा गर्ने तथा विपद्को घटना हुनासाथ प्रतिकार्य र उद्धारका लागि तयारी अवस्थामा राख्ने,

(ज) विपद्का घटना हुनासाथ खोज, उद्धार र राहत लगायतका प्राथमिक कार्यहरू तत्काल गर्नको लागि समन्वय गर्ने ,

(झ) आपतकालीन नमूना अभ्यास गर्ने /गराउने,

(ञ) विपद्बाट प्रभावित घरपरिवारको पहिचान, क्षतिको स्तर निर्धारण तथा परिचयपत्र वितरणमा गाउँ विपद्व्यवस्थापन समितिलाई सहयोग गर्ने ,

(ट) विपद्को समयमा जोखिममा रहेका समूह विशेष गरी महिला, बालबालिका, किशोरी, अपाङ्गता भएका व्यक्तिउपर हुन सक्ने घटना (लैङ्गिक हिंसा, बेचबिखन तथा अन्य कुनै पनि किसिमका शोषण) रोकथामको लागि विशेष सतर्कता अपनाई सचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ,

(ठ) लिखुपिके गाउँपालिकामा विपद्व्यवस्थापन समितिको निर्णय अनुसार विपद्व्यवस्थापन सम्बन्धी अन्य कार्य गर्ने /गराउने।

## परिच्छेद -४

## सुरक्षा निकाय तथा अन्य निकायको परिचालन

**८. सुरक्षा निकायको परिचालन तथा सहयोग र समन्वय :** (१) गाँउपालिकाले विपद् व्यवस्थापनको काममा संघीय सरकार तथा प्रदेश सरकारले परिचालन गरेका संघीय तथा प्रदेश सुरक्षा निकायहरूलाई सहयोग र समन्वय गर्नेछ ।

(२) सुरक्षा निकायले विपद्‌को समयमा खोज तथा उद्धार कार्यका लागि वडा कार्यालयसँग आवश्यक सामाग्री माग गरेको अवस्थामा गाँउपालिकामा उपलब्ध भएसम्म त्यस्तो सामाग्री तत्काल उपलब्ध गराइनेछ ।

(३) विपद्‌प्रतिकार्यका लागि गाँउपालिकाले गाँउ प्रहरी तथा कर्मचारीहरुलाई परिचालन गर्ने छ ।

**९.वारुणयन्त्र तथा अन्य सेवा प्रदायक निकायको काम, कर्तव्य र अधिकाहरु :**

(१) वारूणयन्त्र, एम्बुलेन्स तथा त्यस्तै अन्य सेवा प्रदायकले आपतकालीन खोज, उद्धार तथा राहत उपलब्ध गराउन समितिले दिएको निर्देशनको पालना गर्नुपर्नेछ ।

(२) विपदको सूचना प्राप्त भए पश्चात तोकिएको समयभित्रै प्रतिकार्यको प्रारम्भ गर्नु पर्ने छ ।

(३) आपतकालीन कार्यसम्पादन गर्दा समितिको आदेश बमोजिम कुनैपनि स्थानमा प्रवेश गर्ने तथा जुनसुकै व्यक्ति वा संस्थाको साधन र स्रोत उपयोग गर्ने अधिकार वारुणयन्त्र सेवा प्रदायकलाई हुनेछ ।

**१०.सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व :** (१) विपद् व्यवस्थापन सम्बन्धमा गाउँपालिका क्षेत्रभित्रका सबै सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानको दायित्व देहाय बमोजिम हुनेछ :

(क) आफ्नो भवन, उद्योग, कार्यालय वा व्यवसायिक केन्द्रमा विपद्‌का घटना हुन नदिन विपद्‌सुरक्षा औजार, उपकरण, सामाग्री, आपत्कालीन निकास लगायत तोकिए बमोजिमका अन्य व्यवस्था गर्ने ,

(ख) तथ्याङ्क संकलन, क्षतिको मूल्याङ्कन, राहत, पुनर्स्थापना तथा पुनर्निर्माण समेतका सम्पूर्ण कार्यमा आवश्यक सहयोग गर्ने ,

(ग) आफ्ना कर्मचारी तथा कामदारलाई विपद् व्यवस्थापन सम्बन्धमा आधारभूत अभिमुखीकरण गर्ने ⁄गराउने,

(घ) विपद् व्यवस्थापन कार्यमा उपयोग हुने स्रोतसाधनलाई तयारी अवस्थामा राख्ने,

(ङ) आफ्नो भवन लगायत अन्य संरचना आपतकालीन प्रयोजनका लागि आवश्यक परेमा समितिको आदेशानुसार उपलब्ध गराउने,

(च) सम्बन्धित अधिकारीको सुपरीवेक्षणमा उद्धार तथा राहत वितरण कार्यमा सहयोग गर्ने ,

(छ) विपद् जोखिम न्यूनीकरण संयन्त्रको व्यवस्था गरी तयारी अवस्थामा राख्ने,

(ज) फोहरमैला तथा प्रदुषणको यथोचित व्यवस्थापन गरी यसबाट वातावरण र जनजीवनमा पर्नसक्ने नकारात्मक प्रभावलाई न्यूनीकरण गर्ने उपायहरू अपनाउने,

(झ) विपद्‌को घटना घटेमा तत्काल नजिकको सुरक्षा निकाय र स्थानीय आपत्कालीन कार्यसञ्चालन केन्द्रलाई खबर गर्ने ।

(२) गाँउपालिका क्षेत्रभित्रका सार्वजनिक संस्था तथा व्यवसायिक प्रतिष्ठानले गाँउपालिकाको विपद् व्यवस्थापन सम्बन्धी योजनाको अधीनमा रही विपद् व्यवस्थापन योजनाको तर्जुमा गरी अनिवार्य रूपमा लागू गर्न सक्नेछ ।

११.विपदव्यवस्थापनमा सहयोग गर्नु पर्ने गाँउपालिका क्षेत्रभित्रका सरकारी कार्यालय, गैर-सरकारी संस्था, स्थानीय सघसंस्था, समुदाय, स्वयंसेवक, नागरिक समाज, निजी क्षेत्र तथा व्यक्तिले विपद् व्यवस्थापन कार्यमा गाँउपालिकालाई देहाय बमोजिम सहयोग गर्नु पर्ने छ :

कुनै काम गरेमा वा यस सम्बन्धमा संघीय कानून बमोजिम कसुरजन्य मानिने कुनै काम गरेमा तत्सम्बन्धी कारवाही प्रचलित संघीय कानून बमोजिम हुने छ ।

## परिच्छेद -७

## विविध

**१४. विपद् सङ्कटग्रस्त क्षेत्र घोषणाको पालना र समन्वयः** (१)नेपाल सरकारले गाँउपालिका क्षेत्रभित्रको कुनै ठाउँमा गम्भीर प्रकृतिको विपद् उत्पन्न भएबाट विपद् सङ्कटग्रस्त क्षेत्र घोषणा गरी प्रचलित लिखुपिके गाउँपालिकामा कानून बमोजिम कुनै काम गर्न गराउन आदेश दिएमा सोको पालना गर्नु गराउनु गाँउपालिकाको कर्तव्य हुनेछ ।

(२) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्रमा नेपाल सरकारले प्रचलित कानून बमोजिम कुनै काम गर्न गराउन गाँउपालिका क्षेत्रभित्रको कुनै व्यक्ति, संस्था वा अधिकारीलाई आदेश दिएमा सोको पालना गर्न/गराउनमा गाँउपालिकाले आवश्यक समन्वय गर्ने छ ।

(३) उपदफा (१) बमोजिम घोषणा गरिएको क्षेत्र सम्बन्धी सूचनाको प्रसारणमा गाँउपालिकाले सहयोग र समन्वय गर्नेछ ।

**१५. नेपाल सरकारको स्वीकृतिमा मात्र प्रवेश गर्नु पर्ने** (१) विपद्बाट असर परेको कुनै क्षेत्रमा विदेशी नागरिक वा संस्थाले प्रवेश गर्नु परेमा नेपाल सरकारको स्वीकृति लिएको छ छैन भनी गाँउपालिकाले सोधखोज गर्नसक्नेछ ।

(२) उपदफा (१) बमोजिम सोधखोज गर्दा त्यस्तो नागरिक वा संस्थाले नेपाल सरकारको स्वीकृति लिएको नदेखिएमा निजको प्रवेशलाई रोक लगाई तत्सम्बन्धी सूचना नेपाल सरकारलाई उपलब्ध गराउनेछ ।

**१६. मानवीय तथा अन्य सहायता र समन्वय** (१) गाँउपालिका क्षेत्रभित्र उत्पन्न विपद्को अवस्थालाई तत्काल सामना गर्न आन्तरिक स्रोत र साधनबाट नभ्याउने भएमा मानवीय तथा अन्य सहायता र समन्वयका लागि जिल्ला समन्वय समिति, प्रदेश सरकार तथा नेपाल सरकारलाई अनुरोध गरिनेछ ।

(२) विपद्बाट उत्पन्न स्थिति नियन्त्रण गर्ने क्रममा नेपाल सरकारले अन्तर्राष्ट्रिय मानवीय तथा अन्य सहयोग लिई परिचालन गरेको अवस्थामा नेपाल सरकारको निर्णयानुसार तत्सम्बन्धी कार्यमा सहयोग र समन्वय गरिनेछ ।

(३) छिमेकी स्थानीय तहमा कुनै विपद् उत्पन्न भई सो व्यवस्थापनका लागि छिमेकी स्थानीय तहले सोझै, जिल्ला समन्वय समिति वा प्रदेश सरकारमार्फत अनुरोध गरेमा उपलब्ध भएसम्मको सहयोग पुऱ्याउनु गाँउपालिकाको दायित्व हुनेछ ।

(४) माथि उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिकाले निर्णय गरी कुनै पनि विपद व्यवस्थापनको लागि सहयोग गर्न बाधा पुगेको मानिने छैन ।

**१७. तत्काल खरिद तथा निर्माण र प्रयोग गर्न सकिने** (१) विशेष परिस्थिति परी विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि तत्कालै राहत सामग्री खरिद वा निर्माण कार्य गर्न आवश्यक भएमा सार्वजनिक खरिद सम्बन्धी प्रचलित कानूनमा रहेको विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था बमोजिम कार्यपालिकाबाट निर्णय गरी खरिद गर्न सकिनेछ ।

(२) विपद्बाट प्रभावित क्षेत्रमा खोज, उद्धार तथा राहत उपलब्ध गराउन तथा भइरहेको विपद्बाट थप क्षति हुन नदिनका लागि गाउँपालिका क्षेत्रभित्रको कुनै गैर-सरकारी कार्यालय वा अन्य संघसंस्था र व्यक्तिको चल, अचल

सम्पत्ति तथा सवारी साधन उपयोग गर्न आवश्यक भएमा सोको अभिलेख राखी तोकिएको अवधि भरको लागि अस्थायी तवरले प्राप्त गर्न सकिनेछ ।

(३) विपद्बाट प्रभावित क्षेत्रमा तत्काल राहत उपलब्ध गराउन गाँउपालिका क्षेत्रभित्रको कुनै गैर-सरकारी संस्था वा अन्य संघसंस्था र व्यक्तिको खाद्यान्न, लत्ताकपडा, औषधी वा अन्य वस्तु आवश्यक भएमा सोको अभिलेख राखी नियन्त्रणमा लिन र सम्बन्धित प्रभावित पक्षलाई वितरण गर्न सकिनेछ ।

(४) गाँउपालिकाले उपदफा (२) बमोजिम कुनै सम्पत्ति अस्थायी रूपमा प्राप्त गरेमा वा उपदफा (३) बमोजिम कुनै वस्तु नियन्त्रण र वितरण गरेमा त्यस्तो सम्पत्ति प्रयोग वा वस्तुउपयोग बापत प्रचलित दर अनुसारको रकम सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ ।

१८. **राहतको न्यूनतम मापदण्ड सम्बन्धी व्यवस्था** (१) विपद् प्रभावित व्यक्तिलाई नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउने राहतको अतिरिक्त गाँउपालिकाले आन्तरिक स्रोतबाट थप राहत उपलब्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गाँउपालिकाले विपद्प्रभावित व्यक्तिलाई राहत उपलब्ध गराउँदा मापदण्ड तोकी सोको आधारमा उपलब्ध गराउनेछ ।

(३) उपदफा (२) बमोजिमको राहतको मापदण्डमा अन्य विषयको अतिरिक्त देहायका विषय समावेश भएकोहुनु पर्ने छ :

(क) विपद्बाट प्रभावित व्यक्तिलाई अस्थायी आश्रयस्थलमा राख्दा उपलब्ध गराउनुपर्ने आवास, खाद्यान्न, खानेपानी, स्वास्थ्य तथा सरसफाईसम्बन्धी,

(ख) विपद्बाट मृत्युहुनेको परिवार तथा सम्पत्तिको क्षति हुने व्यक्तिलाई उपलब्ध गराउनुपर्ने न्यूनतम राहत सम्बन्धी,

(ग) महिला, बालबालिका, ज्येष्ठ नागरिक, अशक्त तथा अपाङ्गता भएका व्यक्तिको आवश्यकता सम्बोधनका लागि विशेष राहत प्याकेजहरु (जस्तै डिग्निटी किट र चिल्ड्रेन किट) महिलाहरूको लागि सुरक्षित महिलामैत्री स्थल,

(घ) व्यक्तिगत गोपनीयता तथा सुरक्षा सम्बन्धी,

(ङ) न्यूनतम राहतबाहेक स्वरोजगार तथा रोजगारी व्यवस्थापनका माध्यमबाट पीडितको जीविकोपार्जन सम्बन्धी,

(च) गैर-सरकारी वा व्यक्तिगत रूपमा दिइनेराहतको वितरण सम्बन्धी,

(छ) एकद्वार प्रणाली अनुरुप राहत वितरण गर्ने सम्बन्धी,

(ज) राहतसँग सम्बन्धित अन्य उपयुक्त विषय ।

१९. विपद्मा परी हराएका वा नष्ट भएका कागजात सम्बन्धमा विपद्मा परी हराई फेलापर्न नसकेका तथा आंशिक वा पूर्णरूपमा क्षति भएका गाँउपालिकाका महत्वपूर्ण कागजातहरुको प्रमाणीकरण तथा प्रतिलिपि उपलब्ध गराउने सम्बन्धी व्यवस्था प्रचलित कानूनले लिखुपिके गाउँपालिकामा तोके बमोजिम हुने छ ।

२०. **निर्देशन दिन सक्ने** :समितिले यस ऐनको अधीनमा रही विपद् व्यवस्थापनका लागि कुनै व्यक्ति वा निकायलाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित व्यक्ति वा निकायको कर्तव्य हुने छ ।

२१. **उपसमिति गठन गर्नसक्ने** (१) समितिले आवश्यकता अनुसार उपसमिति गठन गर्नसक्ने छ ।

(२) उपदफा (१) बमोजिम गठन हुने उपसमितिको काम, कर्तव्य, अधिकार र कार्यविधि उपसमिति गठन गर्दाका बखत तोकिए बमोजिम हुने छ ।

२२. **सूचना संप्रेषण गर्ने :** (१) यस ऐन बमोजिम विपद जोखिम पूर्व-तयारी, प्रतिकार्य, उद्धार,पुनर्लाभ तथा विपद व्यवस्थापन सम्बन्धी अन्य कार्यसम्पादन भएका विषयहरुको नियमित रुपमा सूचना संप्रेषण गर्ने व्यवस्था मिलाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको सूचनाहरुको अभिलेखीकरण, प्रशोधन तथा संप्रेषण गर्ने कार्यविधि तोकिए बमोजिम हुने छ ।

२३. **अभिलेख राख्नुपर्ने :** (१) विपद्को समयमा राहत उपलब्ध गराउने व्यक्ति, निकाय वा संस्थाको नाम, र उपलब्ध गराईएको राहत तथा सोको परिमाण सहितको विवरणको अभिलेख राख्ने व्यवस्था समितिले मलाउनुपर्ने छ ।

(२) उपदफा (१) बमोजिमको विवरण राख्दा विपद्मा परेका महिला, बालबालिका तथा ज्येष्ठ नागरिक, विपद्का कारणले स्थानान्तरण भएका घरपरिवार लगायतको संख्या यकिन हुने विवरण र उनीहरूलाई उपलब्ध गराइएको राहत स्पष्ट रूपमा राख्नुपर्ने छ ।

२४. **पुरस्कार दिन सक्ने :** स्थानीय विपद् व्यवस्थापन सम्बन्धमा विशेष योगदान पुऱ्याउने उत्कृष्ट व्यक्ति वा संस्थालाई प्रोत्साहन स्वरूप समितिको सिफारिसमा गाँउपालिकाले सम्मान तथा पुरस्कार दिन सक्नेछ ।

२५. **वार्षिक प्रतिवेदन :** (१) समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी कार्यपालिका मार्फत गाँउसभा, जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन समिति समक्ष पेश गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको वार्षिक प्रतिवेदन सार्वजनिक रूपमा प्रकाशन गर्नु पर्ने छ ।

२६.प्रशासनिक खर्च व्यवस्थापन समितिको बैठक तथा प्रतिवेदन तयारी लगायतका कार्यसँग सम्बन्धित प्रशासनिक खर्चको व्यवस्था गाँउपालिकाले गर्ने छ ।

२७. अधिकार प्रत्यायोजन यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियम बमोजिम समितिलाई प्राप्त अधिकारमध्ये आवश्यकता अनुसार केही अधिकार समितिको संयोजक तथा अन्य पदाधिकारीलाई प्रत्यायोजन गर्नसक्नेछ ।

२८. **नियम बनाउने अधिकार :** कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ ।